प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

# कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायत अन्य पशुपन्छी पालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना:** पर्यटकीय क्षेत्रहरुमा खाना/ बस्नाको उचित व्यवस्था हुन सकेमा पर्यटक आगमनको संख्या वृद्धि हुने, स्थानीयस्तरमा रोजगारी सृजना हुने, पर्यटकीय क्षेत्रहरुको विकास हुने भएकोले कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँसपालन कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायत अन्य पशुपन्छी पालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **"कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायत अन्य पशुपन्छी पालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक वा प्रस्तावक"** भन्नाले कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायत अन्य पशुपन्छी पालन कार्यक्रममा सहभागी हुन चाहेर निवेदन साथ कार्ययोजना निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा दर्ता गराउने कृषक समूह/ सहकारी/ नीजि क्षेत्र सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायतका अन्य पशुपन्छी पालन सम्वन्धी स्वीकृत बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(ज) **"साझेदार संस्था"** भन्नाले कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायतका अन्य पशुपन्छी पालन कार्यक्रममा सहभागी हुन छनौट भएका निर्देशनालयसँग द्विपक्षीय सम्झौता गर्ने आवेदक संस्था (समूह/ सहकारी/ नीजि क्षेत्र) सम्झनु पर्छ ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँसपालन कार्यक्रमको विकास तथा विस्तार गर्ने,

(ख) पर्यटकीय क्षेत्रमा आवश्यक पर्ने मासु तथा अण्डाको आपूर्ति गर्ने,

(ग) आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने,

(घ) स्थानीयस्तरमा रोजगारीको अवसर सिर्जना गर्ने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको वरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढीमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालनः** (१) यो कार्यक्रम प्रतिस्पर्धाका आधारमा प्रदेश नम्बर ३ अन्तर्गत जिल्लाहरुका कृषक समूह/ सहकारी/ नीजि क्षेत्रसँगको लागत साझेदारीमा सञ्चालन गरिनेछ।

(२) आवेदकले कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँसका चल्ला वा अण्डा कहाँबाट ल्याउने हो, स्पष्ट रुपमा खुलाई आधार पत्र सहित आवेदन पेश गर्नु पर्नेछ ।

(३) कालिज र अष्ट्रिचको सन्दर्भमा आपूर्तिकर्ताको चिठ्ठीको साथमा स्वदेशी/ विदेशी आपूर्तिकर्ताको आफ्नै ह्याचरी भएकोलाई प्राथमीकता दिनु पर्नेछ ।

(४) आपूर्तिकर्ता आफैंले कालिज/ अष्ट्रिच पालेको वा सो सम्बन्धी ज्ञान/ अनुभव भएको जानकार हुनु पर्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

(५) प्राविधिक रेखदेख तथा तालिम कसबाट र कहाँबाट उपलब्ध हुने हो, आधार पत्र सहित आवेदकले खुलाई निवेदन पेश गर्नु पर्नेछ ।

७. <u>प्रस्ताव आह्वानः</u> निर्देशनालयले यस अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक समूह/ सहकारी/ नीजि क्षेत्रहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूचि -१ बमोजिमको सूचना प्रकाशन गर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. <u>प्रस्ताव दर्ताः</u> दफा ७ बमोजिमको समय सिमाभित्र कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक समूह/ सहकारी/ नीजि क्षेत्रले अनुसूचि -२ बमोजिमको आवेदन-पत्र, अनुसूचि -३ बमोजिमको आर्थिक एवं प्राविधिक प्रस्ताव र सूचनामा माग गरिएका कागजातहरु संलग्न गरी निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ ।

९. <u>प्रस्ताव सङ्कलनः</u> सम्बन्धित कार्यालयमा दर्ता भएका प्रस्तावहरु सङ्कलन गरी निर्देशनालयमा यथाशिघ्र पठाउनु पर्नेछ ।

१०. <u>प्रस्तावकको छनौटः</u> कृषक समूह/ सहकारी/ नीजि क्षेत्र र सो संस्थाले पेश गरेको आर्थिक एवं प्राविधिक प्रस्ताव छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले अनुसूचि -४ बमोजिमको मूल्याङ्कनका आधारहरूमा रही कृषक समूह/ सहकारी/ नीजि क्षेत्र र सो संस्थाले पेश गरेको आर्थिक एवं प्राविधिक प्रस्तावहरूको छनौट गरी स्वीकृतिका लागि निर्देशनालय पेश गर्नु पर्नेछ।

(ख) यो कार्यक्रम मन्त्रालयले सञ्चालन गरेको वा सञ्चालन गर्ने एकीकृत नमूना कृषि फार्म, कृषि पर्यटन, कृषि/ पशु विकास फार्म र सामूहिक खेती कार्यक्रमसँग आवद्ध रही कार्यान्वयन गर्न प्राथमिकता दिईने छ ।

(ग) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढीमा ३५ दिनभित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(घ) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

११. <u>प्रस्तावकलाई जानकारीः</u> निर्णय भएको मितिले ७ दिनभित्र छनौट भएको कृषक समूह/ सहकारी/ नीजि क्षेत्रलाई निर्देशनालयले जानकारी दिनु पर्नेछ ।

१२. <u>सम्झौताः</u> (१) प्रस्ताव स्वीकृत भएका आवेदकले जानकारी प्राप्त गरेको १५ दिनभित्र अनुसूचि -५ बमोजिम निर्देशनालयसँग द्विपक्षीय सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिक आवेदकसँग सम्झौता गर्न सकिने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१३. कृषि पर्यटन प्रवर्द्धन तर्फ नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायतका अन्य पशुपन्छी पालन सम्बन्धी आवश्यक आर्थिक विश्लेषण:

| पशुपन्छीको किसिम | समूह/ सहकारी/ नीजि क्षेत्रले पालना गर्नुपर्ने मापदण्ड | अनुदान रकम | क्रियाकलापहरु | कैफियत |
|---|---|---|---|---|
| कालिज | ५०० वटा वा सो भन्दा बढी पाल्ने | रु. २५ लाखबाट नबढाई कुल लागतको ५०% | कम्तिमा एक हप्ताको चल्ला खरिद, नेट सहितको खोर निर्माण, दाना खरिद, दाना खुवाउने उपकरण खरिद, औषधी/ खोप/ तालीम व्यवस्थापन | |
| स्थानीय कुखुरा/ कडकनाथ | ५०० वटा वा सो भन्दा बढी पाल्ने | | चल्ला खरिद, खोर निर्माण, दाना खरिद, दाना खुवाउने उपकरण खरिद, औषधी/ खोप व्यवस्थापन | |
| हाँस | ५०० वटा वा सो भन्दा बढी पाल्ने | | चल्ला खरिद, खोर र पोखरी निर्माण, दाना खरिद, दाना खुवाउने उपकरण खरिद, औषधी/ खोप व्यवस्थापन | |
| टर्की | ५०० वटा वा सो भन्दा बढी पाल्ने | | चल्ला खरिद, खोर र पोखरी निर्माण, दाना खरिद, दाना खुवाउने उपकरण खरिद, औषधी/ खोप/ तालीम व्यवस्थापन | |
| अष्ट्रिच | ५० वटा वा सो भन्दा बढी पाल्ने | | चल्ला खरिद, खोर निर्माण, दाना खरिद, दाना खुवाउने उपकरण खरिद, घाँस खेती, औषधी/ खोप/ तालीम व्यवस्थापन | |

<u>नोट</u>: एक वा एक भन्दा बढीलाई समेटेर प्रस्ताव पेश गर्न सक्नेछ ।

१४. सम्बन्धित साझेदार संस्थाले आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारका कार्य सम्पन्न गरी विल/ विजक, दाखिला रिपोर्ट, प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन र रनिङ्ग विल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात निर्देशनालय/ कार्यालयले स्थलगत निरिक्षण गरी मनासिब भएमा १५ दिन भित्रमा भुक्तानी दिनेछ ।

१५. यसरी भुक्तानी दिदा साझेदारले आपूर्तीकर्ताबाट चल्ला प्राप्त गरेको चिठ्ठी र तालीम कहाँबाट कस्ले दिएको सो समेत खुलाएर पेश गर्नु पर्नेछ ।

१६. निर्देशनालय/ कार्यालयले भूक्तानी दिने अनुदान रकमको १ प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी साझेदार संस्थाको बैंक खातामा रकम उपलब्ध गराउने छ ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी ...
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१७. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।

१८. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकमको दुरुपयोग गरेमा प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गरिनेछ ।

## परिच्छेद -५

## विविध

१९. **प्रतिवेदन पठाउनेः** (१) साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालयमा वा निर्देशनालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रह गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

२०. **कार्यक्रमको प्रभावकारीताः** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

२१. **संशोधन र खारेजः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

२२. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि –१

(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव आव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति : ... ... ... ...

यस निर्देशनालयको आ.व. २०... ... / ... ... ... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायतका अन्य पशुपन्छी पालन कार्यक्रम रहेकाले साझेदारीमा कार्य गर्न इच्छुक कृषक समूह/ सहकारी/ नीजि क्षेत्रबाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ । कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले प्रस्तावित कार्ययोजना साथ तपसिल बमोजिमका कागजातहरु सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र निर्देशनालय वा निर्देशनालयले तोकेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा आईपुग्ने गरी आवेदन दर्ता गर्नुहुन अनुरोध छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. रु. १०।- को टिकट टाँस गरिएको निवेदन,
२. प्रस्तावित कार्ययोजना,
३. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,
४. संस्था दर्ता प्रमाण पत्र,
५. आन्तरिक राजस्व कार्यालयमा संस्था दर्ता प्रमाण पत्र,
६. कर चुक्ता गरिएको खुल्ने प्रमाण ।

<u>नोटः</u> समूह/ सहकारीको हकमा कार्यक्रममा सहभागी हुन बैठकमा गरिएको निर्णय प्रतिलिपी संलग्न गर्नु पर्नेछ । कार्यक्रम सम्बन्धी विस्तृत जानकारीको लागि निर्देशनालय वा सम्बन्धित कार्यालयको सूचना पाटी वा वेबसाईट dolfd.p3.gov.np मा हेर्न सकिने छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**

**प्रदेश नं. ३, हेटौंडा**

सम्पर्क नं. : ०५७-५२४३१९

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -२

(दफा ८ सँग सम्बन्धित)

**कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायतका अन्य पशुपन्छी पालन कार्यक्रम तर्फ सहयोग प्राप्त गर्नको लागि दिईने आवेदनको ढाँचा**

मितिः ... ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।

मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषय : ५०% अनुदान प्राप्त गर्न प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

हामीलाई/ मलाई कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायतका अन्य पशुपन्छी पालन तर्फ ५०% अनुदान प्राप्त गरी ... ... ... ... ... ... ... ... ... पालन कार्य गर्न ईच्छा भएकोले तपसिल बमोजिमका कागजातहरु संलग्न गरी प्रस्तावित कार्ययोजना पेश गरेको छौं/छु । हामीले/ मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछौं/छु।

तपसिलः

१. प्रस्तावित कार्ययोजना,
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,
३. संस्था दर्ता प्रमाण पत्र,
४. आन्तरिक राजस्व कार्यालयमा संस्था दर्ता प्रमाण पत्र,
५. कर चुक्ता गरिएको खुल्ने प्रमाण ।
६. कार्यक्रममा सहभागी हुन बैठकमा गरिएको निर्णय प्रतिलिपी

निवेदकको:

दस्तखतः
नामः
पदः
संस्थाको नामः
ठेगानाः
सम्पर्क नम्वर :
इमेल ठेगानाः
संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूचि -३

(दफा ८ सँग सम्बन्धित)

## संक्षिप्त व्यवसायीक कार्ययोजनाको ढाँचा

| क) प्राविधिक प्रस्तावः | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम र पद | |
| ४ | संस्थाको नाम र ठेगाना | |
| ५ | सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोबाइल नं. | |
| ६ | आवेदक संस्थाको ईमेल तथा वेबसाईट | |
| ७ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| ८ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| ९ | माग गरेको अनुदान रकम रु. | रु २५ लाखबाट नबढाई कुल लागतको ५०% |
| १० | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १०.१ | | |
| १०.२ | | |
| १०.३ | | |

| ११ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | |
|---|---|---|---|---|
| ११.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| ११.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| ११.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| ११.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा/सेयर होल्डर/प्रोपराइटर) | |

| १२ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पुरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |
| १४ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरुको विवरणः | | | | | |
| १५.१ | | | | | | |

मा. दावा दोर्जे लामा
मन्त्री

| | |
|---|---|
| १५.२ | |
| १५.३ | |

| १६ | क्रियाकलाप कार्यान्वयन योजनाः | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | वैशाख | जेष्ठ | आषाढ |
| १६.१ | | | | | | | | | | | | | |
| १६.२ | | | | | | | | | | | | | |
| १६.३ | | | | | | | | | | | | | |
| १६.४ | | | | | | | | | | | | | |
| १६.५ | | | | | | | | | | | | | |

| १७ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| १७.१ | | |
| १७.२ | | |
| १७.३ | | |
| १७.४ | | |
| १७.५ | | |

| १८ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउनेः | |
|---|---|---|
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | साझेदारी हुने रकम रु. |
| १८.१ | | |
| १८.२ | | |
| १८.३ | | |
| १८.४ | | |
| १८.५ | | |

| १९ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका सोही ठाँउमा वा अन्यत्र उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र): |
|---|---|
| १९.१ | |
| १९.२ | |
| १९.३ | |
| १९.४ | |

| २० | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु. | |
|---|---|---|

| २१ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने | |
|---|---|---|
| | अनुभव तथा तालिमहरु | अवधी |
| २१.१ | | |

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
...व्यवस्था कृषि तथा सहकारी म...
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| | | | |
|---|---|---|---|
| २१.२ | | | |
| २१.३ | | | |
| २१.४ | | | |
| २१.५ | | | |
| २२ | प्रस्तावकसँग विद्यमान जनशक्ति विवरणः | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |
| २२.१ | | | |
| २२.२ | | | |
| २२.३ | | | |
| २२.४ | | | |
| २२.५ | | | |
| २३ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असरहरुः | | |
| २३.१ | | | |
| २३.२ | | | |
| २३.३ | | | |
| २३.४ | | | |
| २३.५ | | | |
| २४ | वातावरणीय असर न्यूनिकरणको लागि अपनाईने उपायहरुः | | |
| २४.१ | | | |
| २४.२ | | | |
| २४.३ | | | |
| २४.४ | | | |
| २४.५ | | | |
| २४.६ | | | |
| २५ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | | |

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी म...
प्रदेश नं. ३, नेपाल
हेटौडा, मकवानपुर

## ख) आर्थिक प्रस्तावः

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र. सं. | मुख्य मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | दर | कुल लागत | प्रस्तावकको योगदान रु. | निर्देशनालयबाट अनुदान रु. | प्रस्तावकको योगदानको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |

उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छौं/ छु। कहिं कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँद छु/छौं ।

संस्थाको जिम्मेवार पदाधिकारीको तर्फबाटः

| | |
|---|---|
| दस्तखतः | |
| मितिः | |
| नामः | |
| पदः | |
| संस्थाको नामः | |
| ठेगानाः | |
| सम्पर्क नम्बरः | |
| इमेल ठेगानाः | |
| संस्थाको छापः | |

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -४
(दफा १० को खण्ड (क) सँग सम्बन्धित)

**मूल्याङ्कन फारम**

१. जिल्लाः
२. आवेदक संस्थाको नामः
३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः
४. प्रस्तावित कार्यक्रमको नामः
५. मूल्याङ्कनका आधारहरुः

| क्र. सं. | विवरण | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | | |
| १.१ | सडक सुविधा भएको | ४ | | |
| १.२ | बिजुली सुविधा भएको | ३ | | |
| १.३ | पानीको सुविधा भएको | ३ | | |
| १.४ | जग्गाको स्वामित्व | १० | | |
| १.४.१ | आफ्नै भएको | १० | | |
| १.४.२ | सेयर होल्डर/ सञ्चालकको नाममा जग्गा भएको | ९ | | |
| १.४.३ | भाडामा जग्गा लिएको | ८ | | |
| २ | प्रस्तावक सेयरहोल्डरको शैक्षिक योग्यता | १० | | |
| २.१ | स्नातक तह वा सो सरह उतिर्ण | १० | | |
| २.२ | प्रमाणपत्र तह वा सो सरह उतिर्ण | ८ | | |
| २.३ | एस्.ई.ई. उतिर्ण | ६ | | |
| ३ | वित्तिय क्षमता (साझेदारीको प्रतिबद्धता सामेल भएको) | १० | | बैंक भौचर वा बैंकको Letter of Intent भएको |
| ४ | रोजगारीको अवस्था (प्रस्तावित) | १० | | |
| ४.१ | २ जना भन्दा माथि | १० | | |
| ४.२ | कम्तीमा २ जना | ५ | | |
| ५ | वातावरणीय उपयुक्तता | ५ | | |
| ५.१ | वातावरणीय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ५ | | |
| ५.२ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आँकलन गरिएको | ३ | | |
| ६ | पशुको संख्या | २० | | |
| ६.१ | साझेदारीमा कालिज पालन कार्यक्रमका लागि | २० | | |
| ६.१.१ | ३००० भन्दा बढि | २० | | |
| ६.१.२ | १००० देखि ३००० सम्म | १८ | | |
| ६.१.३ | १००० भन्दा कम | १६ | | |



मा. दावा दोर्जे लामा
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ६.२ | साझेदारीमा स्थानीय कुखुरा/ कडकनाथ पालन कार्यक्रमका लागि | २० | | |
| ६.२.१ | ५००० भन्दा बढि | २० | | |
| ६.२.२ | २००० देखि ५००० सम्म | १८ | | |
| ६.२.३ | २००० भन्दा कम | १६ | | |
| ६.३ | साझेदारीमा हाँस पालन कार्यक्रमका लागि | २० | | |
| ६.३.१ | ३००० भन्दा बढि | २० | | |
| ६.३.२ | १००० देखि ३००० सम्म | १८ | | |
| ६.३.३ | १००० भन्दा कम | १६ | | |
| ६.४ | साझेदारीमा टर्की पालन कार्यक्रमका लागि | २० | | |
| ६.४.१ | ३००० भन्दा बढि | २० | | |
| ६.४.२ | १००० देखि ३००० सम्म | १८ | | |
| ६.४.३ | १००० भन्दा कम | १६ | | |
| ६.५ | साझेदारीमा अष्ट्रिच पालन कार्यक्रमका लागि | २० | | |
| ६.५.१ | १०० भन्दा बढि | २० | | |
| ६.५.२ | ६० देखि १०० सम्म | १८ | | |
| ६.५.३ | ६० भन्दा कम | १६ | | |
| ७ | **स्वीकृत कार्यविधी अनुसारको थप आधारहरु** | **२५** | | |
| ७.१ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | १० | | |
| ७.१.१ | प्राविधिक प्रस्ताव गुणस्तर | ५ | | |
| ७.१.२ | आर्थिक प्रस्ताव गुणस्तर | ५ | | |
| ७.२ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | १५ | | |
| ७.२.१ | श्रोत केन्द्र/ आपूर्ति कर्ता | १० | | प्रमाण पेश गर्नु पर्ने |
| ७.२.२ | प्राविधिक रेखदेख तथा तालिमको सुनिश्चितता | ५ | | प्रमाण पेश गर्नु पर्ने |
| | **जम्मा** | १०० | | |

<u>नोटः</u> मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र मूल्याङ्कन समितिले छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।मेरिट लिस्टको आधारमा फिल्डको अनुगमन गरिने छ । यसरी अनुगमन गर्दा पहिलो पटक ऱ्याङ्कमा परेका १० वटाको गरिनेछ । सोमा असफल भए क्रमशः ऱ्याङ्क अनुसार अनुगमन गरिनेछ । प्राप्ताङ्क ५० भन्दा कम भएमा छनौट प्रकृयामा समावेश गराईने छैन ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)

ख)

ग)

घ)

७. स्थलगत अनुगमन टोलीको रायः

| क.सं. | पद | नामथर | राय | | | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | सुझाव सहित हुन्छ | हुँदैन | |
| १ | | | | | | |
| २ | | | | | | |

नोटः हुन्छ/ सुझाव सहित हुन्छ/ हुँदैन भन्ने स्पष्ट कारण दिनु पर्नेछ । कारणहरुः

१.

२.

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
... कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूचि -५

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

## कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायतका अन्य पशुपन्छी पालन कार्यक्रमको सम्झौता-पत्र

प्रदेश सरकार, प्रदेश नं. ३, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको आर्थिक बर्ष ... ... ... ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायतका अन्य पशुपन्छी पालन कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नं. ३, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिलल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षीय सम्झौता गरी दियौं/लियौं ।

**तपसिलः**

१. प्रथम पक्षले कृषि पर्यटन प्रवर्द्धनका लागि नमूना कालिज/ कडकनाथ/ स्थानीय कुखुरा/ टर्की/ अष्ट्रिच/ हाँस लगायतका अन्य पशुपन्छी पालन कार्यक्रमको लागि कुल लागत रु. ... ... ... ... मध्येको १ प्रतिशत कन्टिन्जेन्सी रकम रु. ... ... ... ... ... कट्टा गरी दोस्रो पक्षलाई रु. ... ... ... ... (अक्षेरुपी ... ... ... ... ... ... ... ... अनुदान/ सामग्री सहयोग प्रदान गर्नेछ ।

२. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्षको परामर्श र सहमती अनुसार गुणस्तरीय जनावर तथा वस्तु आफैले खरिद गरी नियमानुसारको विल, दाखिला प्रतिवेदन, सिफारिस गरेको कार्यालयबाट कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ।

४. प्रथम पक्ष आफैले वा तोकेको कार्यालयको स्थलगत प्राविधिक प्रतिवेदनबाट सिफारिस भएमा अनुदान रकम दोश्रो पक्षको बैङ्क खातामा एकमुष्ठ भुक्तानी दिईनेछ ।

५. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध गराईएको रकमबाट स्थापना गरिएको सामाग्रीहरुको मर्मत सम्भार गर्ने जिम्मा दोश्रो पक्षको हुनेछ ।

६. दोश्रो पक्षले सहकार्यमा सञ्चालित कार्यक्रमहरुको प्रगति विवरण प्रथम पक्ष वा प्रथम पक्षले तोकिएको निकायमा उपलब्ध गराउनु पर्नेछ ।

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालित स्थानमा सबैले देख्ने गरी कार्यक्रमको नाम, ठेगाना, लाभान्वितहरुको विवरण, सहकार्यको रकम र सहयोगी निकायको नाम उल्लेखित बोर्ड अनिवार्य राख्नु पर्ने छ ।

८. प्रथम पक्षले कुनैपनि बखत सञ्चालित कार्यको अनुगमन/ निरीक्षण गरी सम्झौता बमोजिम कार्य भए/ नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

९. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरामा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
कृषि तथा सहकारी
प्रदेश नं. ३
मकवानपुर, नेपाल

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

११. द्विपक्षीय सम्झौता बमोजिम काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको लागि प्रकृया अगाडी बढाउन सक्नेछ।

१२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र बमोजिमको कामहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गरी समयमा विल/ भर्पाई पेश नगरी म्याद गुजारेमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१३. द्विपक्षीय सम्झौतामा आवश्यकता अनुसारका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिने छ ।

| **दोस्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | निर्देशनालयः |
| सस्थाको छापः | निर्देशनालयको छापः |

**रहोवर**

| | |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | निर्देशनालयः |
| सस्थाको छापः | निर्देशनालयको छापः |

इति सम्वत .......... साल ............ महिना ......... गते रोज ........ शुभम् ।

मा. दावा दोर्जे लामा
मन्त्री